# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०० | आइतवार, २० वैशाख, २०८३ | Sunday, 3 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# निर्देशनालयको लापरवाही र प्रशासनको व्यवास्थाले ट्रायल सेन्टर निर्माण अधुरै

काँक्रेविहार संवाददाता
सुर्खेत, १९ वैशाख

वीरेन्द्रनगर-७ स्थित खारखोली खोलासँग जोडिएको मालपोतको जग्गामा निर्माणाधीन सवारी चालक अनुमति पत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा केन्द्र (ट्रायल सेन्टर) चार वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन। एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित सुरु गरिएको उक्त योजना विभिन्न कारण देखाउँदै अलपत्र परेको हो।

खोलानजिक बसोबास गर्दै आएका सुकुम्वासी बस्तीलाई मुख्य समस्या देखाउँदै निर्माण कार्य रोकिएको छ। तर सरोकारवालाहरूले यसलाई मात्र कारण मान्न नमिल्ने बताउँदै सम्बन्धित निकायहरूको लापरवाही र कमजोर व्यवस्थापनलाई मुख्य जिम्मेवार ठहर गरेका छन्।

पूर्वाधार विकास निर्देशनालय सुर्खेतले निर्माणको जिम्मा लिएको भए पनि कार्यान्वयनमा ढिलासुस्ती देखिएको आरोप छ। यस्तै जिल्ला प्रशासन कार्यालय सुर्खेतले समस्या समाधानमा सक्रियता नदेखाएको भन्दै आलोचना भइरहेको छ। नागरिकहरूले प्रशासनलाई जानकारी हुँदाहुँदै पनि मौन बसेको भन्दै गैरजिम्मेवारीपूर्ण व्यवहारको आरोप लगाएका छन्।

योजनामा हालसम्म लाखौं रुपैयाँ खर्च भइसकेको भए पनि भौतिक प्रगति न्यून रहेको छ। यसले राज्यको स्रोत दुरुपयोग भएको आशंका समेत बढाएको छ। केही स्थानीयले निर्देशनालयको सेटिङमा यातायात व्यवस्था कार्यालय सुर्खेत र निजी ट्रायल सेन्टरबीच मिलेमतो भएको आरोप लगाउँदै सार्वजनिक ट्रायल सेन्टर निर्माण जानाजान ढिलाइ गरिएको दाबी गरेका छन्।

ता सम्बन्धित निकायहरूले भने यी आरोपबारे औपचारिक प्रतिक्रिया दिएका छैनन्। स्थानीय बासिन्दा र सेवाग्राहीहरू लामो समयदेखि ट्रायल सेन्टर नबन्दा सास्ती भोग्न बाध्य छन्। हाल ट्रायल दिन निजीकैमा जानुपर्ने बाध्यता रहेको छ, जसले समय र खर्च दुबै बढाएको छ।

सरोकारवालाहरूले तत्काल समस्या समाधान गरी निर्माण कार्य अघि बढाउन माग गरेका छन्। उनीहरूका अनुसार यदि छिट्टै निर्माण सम्पन्न गरिएन भने जनविश्वासमा थप गिरावट आउनेछ र सार्वजनिक सेवामा पहुँच अझ कठिन बन्नेछ।



## पटक-पटक छलफल गरेको दावी

पछिल्लो समय पूर्वाधार निर्देशनालयले प्रशासन, नगरपालिका र स्थानीयवासीसँग पटक-पटक छलफल गरेको दावी गर्दै आएको छ। यी छलफलमा आफूहरुको उचित व्यवस्थापन नभएसम्म जग्गा खाली नगर्ने अडानले आयोजना अघि बढ्न सकेको छैन। अन्यत्र घर बनाउने जग्गाको सुनिश्चितता गरिदिए आफुहरु जुनसुकै बेला उठ्न तयार रहेको स्थानीयले बताउदै आएका छन्।

पूर्वाधार निर्देशनालय सुर्खेतका सूचना अधिकारी वीरेन्द्रजंग शाहीले विभिन्न चरणमा जग्गामा बसेका स्थानीय, प्रशासन, यातायात र नगरपालिकासँग छलफल गरेको बताए। वस्ती हटाउने विषयमा पटक-पटक पत्र काटे पनि जग्गा छोड्न नमानेको उनको भनाइ छ।

पछिल्लो पटक विवाद समाधान नहुने देखिएपछि बल प्रयोग गर्न खोजिएको तर मानवअधिकारको विषय उठेपछि यो विषय थप पेचिलो बनेको शाहीले बताए। अनाधिकृत वस्ती हटाउन नेतृत्वदायी भूमिका निभाउने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयको हो। मालपोत कार्यालय संघीय सरकार मातहत रहन्छ।

तर यो विषयमा सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायले निर्णायक भूमिका निभाउन सकेका छैनन्। यस विषयमा प्रजिअ बोल्न चाहदैनन्। पछिल्लो पटक गृह मन्त्रालयले अतिक्रमित जग्गा खालि गराउन आवश्यक सुरक्षा प्रवन्ध मिलाउन देशभरका सिडिओलाई निर्देशन दिएको छ।

प्रशासनका गुनासो सुन्ने अधिकारीसमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले अतिक्रमित जग्गा खालि गराउने विषयमा कुनै तयारी नभएको बताए। उनले जग्गा खालि गराउने विषय प्रदेश सरकार, याताया कार्यालय र वीरेन्द्रनगर नगरपालिकाको थाप्लोमा हाले। हालसम्म यी निकायबाट कुनै ठोस निर्देशन वा पत्राचार नआएकाले अतिक्रमण हटाउने कार्यमा कुनै प्रगति नभएको दावी कार्कीको छ।

उनका अनुसार यो प्रदेशको संरचना भएकाले भौतिक मन्त्रालय र यातायातले अपनत्व लिनुपर्ने हो। भने नगरपालिकाले चासो दिनुपर्ने हो। उनको यो जवाफलाई आधार मान्ने हो भने तीन तहका सरकारबीच समन्वयको निकै खाडल देखिन्छ। प्रदेशले आयोजना कार्यान्वयन गर्ने, जग्गा संघीय सरकारको हुने र जग्गा वीरेन्द्रनगर नगरपालिकाभित्र हुँदा जिम्मेवार निकायका अधिकारीहरुले एकले अर्कोलाई देखाएर उम्कने प्रयास गरेको देखिन्छ।

ट्रायल सेन्टर निर्माण गरिने जग्गा मालपोत कार्यालयको नाममा रहेको भन्दै सो जग्गामा बनेका अनाधिकृत संरचना हटाउने मुख्य जिम्मेवारी पनि संघीय सरकारकै हुने बताउछन् वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख निलकण्ठ खनाल। उनले जिल्ला प्रशासन कार्यालयले वस्ती खाली गराउन चासो राखे आवश्यक सहजिकरण गर्न नगरपालिका तयार रहेको बताए।

यता पूर्वाधार विकास निर्देशनालय सुर्खेतले २१ कार्तिक २०७९ मा सवारी चालक अनुमति पत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा केन्द्र (ट्रायल सेन्टर) निर्माण गर्न बोलपत्र आह्वान गर्‍यो। यातायात व्यवस्था कार्यालय सुर्खेतका लागि बनाउन लागिएको ट्रायल सेन्टरको ठेक्कामा आवश्यक प्रक्रिया पुरा गरी ११ माघ २०७९ मा खोलिएको बोलपत्रमा एम/एस, एनएस न्यु दीपक जेभी छनोट भयो। पूर्वाधार विकास निर्देशानलयसँग भएको सम्झौता अनुसार १५ असार २०८० सम्म आयोजना सम्पन्न भइसक्नुपर्ने थियो। जसको लागत दुई करोड ३९ लाख ९६ हजार पाँच सय ९७ रुपैयाँमा थियो। निर्देशनालयको तर्फबाट तत्कालिन निमित्त निर्देशक रामसरण आचार्य र निर्माण कम्पनीकातर्फबाट नेत्रबहादुर कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए। तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरे सम्बन्धित निर्माण कम्पनी भागीदार हुने गरी सम्झौतामा उल्लेख छ।

तर सम्पन्न गर्ने मिति सकिएको तीन वर्ष पुग्नै लाग्दासमेत ट्रायल सेन्टर निर्माणको टुंगो छैन। कारण हो जग्गा प्राप्ती। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनुपर्ने रुख बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न मिल्दैन।

तर निर्देशनालयले यसको सुनिश्चितता नहुँदै ठेक्का लगाउन गरेको हतारो अहिले ट्रायल सेन्टर निर्माणमा टाउको दुखाई बनेको छ। साविकको कटकुवा गाविस कित्ता नम्बर ७२ र १८४ को मालपोत कार्यालय सुर्खेतको नाममा रहेको जग्गा लिजमा लिई प्रयोगात्मक परीक्षाका लागि स्थायी संरचना निर्माणको प्रक्रिया अघि बढेको थियो।

उक्त जग्गा वीरेन्द्रनगर-७, मा अवस्थित छ। जग्गाको पश्चिमतर्फ सुकुमवासीका नाममा बसेका पाँच घरका कारण संरचना निर्माणमा अवरोध भएको भन्दै निर्माण व्यवसायीले काम अघि बढाएको छैन। हालसम्म २९ लाख बढी भुक्तानी भई जग्गाको पश्चिमतर्फको खोला छेउमा माटो भर्न टेवा पर्खाल बाहेक अन्य संरचना निर्माण भएका छैनन्। ठेक्का सम्झौता भएसँगै छोटो अवधिमा सम्पन्न गर्नुपर्ने आयोजना भएकाले निर्माण व्यवसायीले काम सुरु गर्न खोज्यो।

तर पाँच घरको अवरोधले काम गर्न नसकिएको भन्दै निर्माण व्यवसायीले यातायात कार्यालयलाई जानकारी गरायो। निर्माण व्यवसायीको जानकारी पश्चात कार्यालयका तत्कालिन निमित्त प्रमुख आनन्द चपाईंले १७ माघ २०७९ मा ट्रायल सेन्टर निर्माणमा अवरोध भएको भन्दै अनाधिकृत वस्ती खालि गरिदिने व्यहोराको पत्र जिल्ला प्रशासन कार्यालयलाई लेखे।

सोही मितिमा यायायात कार्यालयले जिल्ला प्रहरी कार्यालय र वीरेन्द्रनगर नगरपालिकालाई पत्र बाँकी पृष्ठ ४

# प्रहरी कार्यालय परिसरमा बम फेला



काँक्रेविहार संवाददाता
सल्यान, १९ वैशाख

जिल्ला प्रहरी कार्यालय सल्यानको परिसरभित्र बम फेला परेका छन्। बुधबार शारदा नगरपालिका-३, स्थित कार्यालय परिसरमा भवन निर्माणका लागि जग खन्नेक्रममा शंकास्पद वस्तु फेलापरेपछि आवश्यक सुरक्षा सतकर्ता अपनाइएको थियो।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख प्रहरी नायव उपरीक्षक डा. हेमबहादुर केसीका अनुसार जग खन्नेक्रममा शंकास्पद वस्तु फेलापरेपछि थप उत्खनन गरिएको थियो। उनले नेपाल प्रहरी र नेपाली सेनाको संयूक्त टोलीले थप उत्खनन् गर्दा ८६ थान बम फेला परेको जानकारी दिए।

उनका अनुसार ८२ वटा सकेट बम, तीन वटा सुतली बम र एक वटा बोतल बम फेला परेका छन्। केसीले उत्खननका क्रममा सात थान रेडियो वेभ उपकरण, करिब पाँच सय ग्राम विस्फोटक पदार्थ, बम बनाउन प्रयोग हुने दुई केजी सामग्री र १० मिटर फायरिङ केबल फेला परेको बताए।

फेला परेका बमलाई नेपाली सेनाको प्राविधिक टोलीले सुरक्षितरुपमा डिस्पोज गर्ने कार्य थालेको केसीले जानकारी दिए। फेला परेका विष्फोटक सामग्री तत्कालिन १० वर्षे जनयुद्धका दौरानमा नेकपा माओवादीबाट बरामद गरी राखिएको हुनसक्ने प्रहरी प्रमुख केसीले जानरकारी दिए।


सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।


# बजेट खर्च नहुनुले विकासमा असर पर्छ : प्रदेश प्रमुख जोशी

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १९ वैशाख

कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णालीको बजेट वर्षेनी फ्रिज हुने अवस्थाप्रति कटाक्ष गर्दै जनप्रतिनिधि र कर्मचारीहरूलाई प्रतिबद्ध हुन आग्रह गरेका छन्।

शनिबारबाट वीरेन्द्रनगरमा सुरु भएको ‘ कर्णाली युवा महोत्सव’को दोस्रो संस्करणको उद्घाटन समारोहमा बोल्दै उनले वर्षेनी बजेट फ्रिज हुनु भनेको विकास रोकिनु रहेको दावी गरे।




‘बजेट फ्रिज हुनु विकास रोकिनु हो। यसलाई सदुपयोग गर्दै कर्णालीको समृद्धिमा लगाउन सरकार र जनप्रतिनिधि एकताबद्ध हुनुपर्छ,’ उनले भने।

कर्णालीमा विकास नै नभएको भन्ने तर्कसँग असहमत हुँदै उनले विकासक्रम चलिरहेको तर त्यसको गति बढाउन आवश्यक रहेको बताए।

‘समृद्ध र सुखी कर्णालीका लागि विकासका केही ढोकाहरू बन्द भएका छन्, ती ढोका खोल्न अब युवाहरूको साझा आवाज उठ्नुपर्छ,’ उनले आह्वान गर्दै भने। उनले कर्णाली वास्तवमा गरिब नभई अपार सम्भावना र प्राकृतिक स्रोतले धनी रहेको जिकिर गर्दै कर्णालीलाई हेर्ने बाह्य दृष्टिकोण गलत रहेको बताए। जोशीले कर्णालीलाई बाहिरबाट गरिब देखाइए पनि भित्र त्यस्तो नरहेको बताए।

‘कर्णाली खानीमा धनी छ, यहाँ देशकै ठूला र विशेष प्राकृतिक सम्पदा र संरचनाहरू छन्,’ उनले भने, ‘तर गैरसरकारी संस्थाहरूले डोनर ल्याउनकै लागि कर्णालीलाई गरिब भन्दै प्रचार गर्ने प्रवृत्तिले गर्दा यो प्रदेश गरिबीको सूचीमा परेको हो।’

देशका युवाहरूलाई स्वदेशमै राख्न सक्ने क्षमता कर्णालीसँग रहेको तर त्यसको सही उपयोग हुन नसकेकोमा उनले चिन्ता व्यक्त गरे। युवाहरूलाई विशेषगरी कृषिमा आकर्षित गर्नुपर्नेमा जोड दिँदै उनले भने, ‘स्याउ र सुन्तला खेतीमा युवाहरूलाई जोड्न जरुरी छ। कर्णालीमा उत्पादित तरकारी र फलफूल सड्न दिनु हुँदैन, यसले युवालाई थप निरुत्साहित बनाउँछ।’

# सातै प्रदेशका शिक्षा मन्त्रीहरूको परिषद् निर्माण

काँक्रेविहार संवाददाता
काठमाडौं, १९ वैशाख

मधेस विश्वविद्यालय संघीयता अध्ययन केन्द्र र फेडरलिजम् एन्ड लोकलाइजेसन सेन्टरको संयुक्त आयोजनामा ‘अन्तर-प्रदेश शिक्षा सम्मेलनः सम्बन्ध, सहकार्य र आगामी कार्यदिशा’ विषयक शिक्षा सम्मेलन सम्पन्न भएको छ।

मधेस प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णको प्रमुख आतिथ्यमा शनिबार वीरगञ्जमा भएको सम्मेलनमा सातवटै प्रदेशका शिक्षा मन्त्रीहरू र प्रदेशस्थित विश्वविद्यालयका कुलपतिरउपकुलपतिहरूको सहभागिता रहेको थियो।

सम्मेलनमा सहभागी शिक्षा मन्त्रालयका सचिवहरूले आ-आफ्नो प्रदेशको शिक्षाको अवस्था, समस्या, चुनौती, अवसर र अन्तरप्रदेश समन्वयको सम्भावनाबारे प्रस्तुति गरेका थिए।

जसमा बागमती प्रदेशबाट सचिव खुबीराम अधिकारी, गण्डकी प्रदेशबाट अतिरिक्त सचिव दामोदर सुवेदी, मधेस प्रदेशबाट निमित्त सचिव दिलीप



कुमार ठाकुर, कोशी प्रदेशबाट उपसचिव यादवप्रसाद दुलाल लगायतले आ-आफ्नो प्रदेशको शिक्षाको अवस्थाबारे प्रस्तुति गरेका थिए।

सम्मेलनमा उद्घाटन मन्तव्य राख्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मधेस विश्वविद्यालयको संघीयता अध्ययन केन्द्र देशकै गर्वको विषय भएको बताउँदै विश्वविद्यालयहरू संघ, प्रदेश र स्थानीय तहस्तरीय नहुने भन्दै विश्वविद्यालयको छुट्टै पहिचान हुने उल्लेख गरे।

त्यसक्रममा उनले मधेस प्रदेशमा हालसम्म साक्षरता घोषणा हुन नसकेकोमा आफूलाई चिन्ता लाग्ने गरेको बताए।

कार्यक्रममा मधेस प्रदेशकी शिक्षा मन्त्री रानीकुमारी तिवारीले चालु आर्थिक वर्ष भित्रै मधेस प्रदेशलाई साक्षरता प्रदेश घोषणा गर्ने योजना रहेको बताइन्।

मन्त्री तिवारीले मधेस प्रदेश तथ्याङ्कका अधिकांश सूचक मिथ्या बनाउने गरेको भन्दै त्यसलाई सच्याउनुपर्ने धारणा राखिन्। सम्मेलनमा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चन चन्द्र वादे, कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, कोशी प्रदेशका सामाजिक विकास मन्त्री रामप्रसाद महतोले धारणा राखेका थिए।

सम्मेलनमा गण्डकी विश्वविद्यालयका कुलपति डा. इन्द्रप्रसाद तिवारी, बागमती प्रदेश विश्वविद्यालयका अध्यक्ष डा. चन्द्रमणि पौडेल, मधेस विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, मधेस कृषि विश्वविद्यालयका उपकुलपति डा. विद्यानाथ महतो, राजर्षिजनक विश्वविद्यालयका रजिस्ट्रार सत्यनारायण साह, लुम्बिनी विश्वविद्यालयका उपकुलपति डा. विनोदप्रसाद ढकाल, त्रिविका सिनेटर भवानीप्रसाद पौडेल लगायतले आ-आफ्नो धारणा राखेका थिए।

कार्यक्रमको सुरुमा मधेस विश्वविद्यालय, संघीयता अध्ययन केन्द्रका अध्यक्ष तथा फेडरलिजम् एन्ड लोकलाइजेसन सेन्टरका समेत अध्यक्ष डा. खिमलाल देवकोटाले अतिथि तथा सहभागीहरूलाई स्वागत मन्तव्य राख्दै सम्मेलनको उद्देश्य र विषयवस्तुका सन्दर्भमा आफ्नो प्रस्तुति गरेका थिए। सम्मेलनले सातवटै प्रदेशका शिक्षा सम्बन्धी मन्त्रीहरूको एउटा परिषद् गठन गर्दै १४ बुँदे वीरगञ्ज घोषणापत्र जारी गरेको छ।

सम्पादकीय

# शिक्षा क्षेत्रलाई आर्थिक शोषणको अखडा नबनाऊ

निजी तथा सामुदायिक विद्यालयको भर्ना शुल्कसम्बन्धी पछिल्लो अवस्था केवल अभिभावकको गुनासो मात्र होइन । यो शिक्षा प्रणालीकै विश्वसनीयतामाथिको गम्भीर प्रश्नप नि हो । शिक्षा जस्तो संवेदनशील र आधारभूत अधिकारसँग जोडिएको क्षेत्रमा खुलेआम मनोमानी हुनु र त्यसप्रति नियामक निकाय मौन रहनु, राज्यको उपस्थितिमाथि नै चुनौती हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्पष्ट निर्देशन जारी गरिसकेको अवस्था छ । कानुन, निर्देशिका र सर्वोच्च अदालतको आदेशसमेत प्रष्ट छ । तर भर्ना शुल्क सीमित हुनुपर्ने निर्देशन पालना भएको छैन । गैरकानुनी रूपमा उठाइएको रकम फिर्ता गरिनुपर्छ, र शैक्षिक सत्र सुरू हुनुअघि भर्ना प्रक्रिया अघि बढाउनु हुँदैन । तर व्यवहारमा यसको ठीक उल्टो भइरहेको देखिन्छ । सुर्खेतका निजी विद्यालयहरूले विभिन्न शीर्षकमा चर्को शुल्क असुल्ने क्रम रोकिएको छैन, बरू झन् संस्थागत भएको जस्तो देखिन्छ । यस अवस्थाको सबैभन्दा ठूलो कारण कार्यान्वयनको कमजोरी हो । नीति बनाउनु सजिलो छ, तर त्यसको प्रभावकारी कार्यान्वयन बिना कुनै अर्थ रहँदैन । स्थानीय तहहरूलाई अनुगमन र कारबाहीको जिम्मा दिइए पनि उनीहरूको निष्क्रियता वा सीमित सक्रियताले निजी विद्यालयलाई मनोमानी गर्ने खुला छुट दिएको छ । "स्रोत र जनशक्ति अभाव" जस्ता तर्कले अभिभावकको आर्थिक बोझ हल्का बनाउँदैन, न त कानुनी उल्लंघनलाई वैध ठहर्याउन सक्छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २२ चैत २०८२ मा जारी गरेको निर्देशन विपरित सुर्खेतका केही सामुदायिक तथा सबै निजी विद्यालयहरूले अभिभावकबाट चर्को भर्ना शुल्क असुल्ने क्रम रोकेका छैनन् । मन्त्रालयले शैक्षिक सत्र सुरू हुनुअघि नै कानुनविपरीत उठाइएको भर्ना शुल्क तत्काल फिर्ता गर्न तथा दोषी विद्यालयलाई कारबाही गर्न देशभरका ७५३ वटै स्थानीय तहलाई आग्रह गरेको थियो । मन्त्रालयले प्रचलित कानुन र सर्वोच्च अदालतको आदेशविपरीत शुल्क लिने विद्यालयलाई कारबाहीको दायरामा ल्याउन स्पष्ट निर्देशन दिएको छ । साथै 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२' ले तोकेबाहेक अन्य कुनै पनि शीर्षकमा उठाइएको शुल्क फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन स्थानीय तहहरूलाई अनुरोध गरिएको छ । तर सुर्खेतका स्थानीय तहहरूले यस विषयमा प्रभावकारी अनुगमन नगरेको आरोप अभिभावकहरूले लगाएका छन् । नियामक निकायको उदासीनताका कारण सुर्खेतमा रहेका सयौं निजी विद्यालयहरूले भर्ना शुल्क, वार्षिक शुल्क, विकास शुल्क, पूर्वाधार शुल्क लगायत विभिन्न नाममा चर्को रकम असुलिरहेका छन् । विद्यालय भर्नाको चर्को शुल्कले अभिभावकहरू अहिले दोहोरो मारमा छन् । एकातिर आफ्ना सन्तानको भविष्यप्रति चिन्ता, अर्कोतिर अनावश्यक र चर्को शुल्कको दबाब । अझ चिन्ताजनक पक्ष के हो भने, शुल्क अस्वीकार गर्दा भर्ना नै नलिने जस्ता अप्रत्यक्ष धम्कीको अभ्यास बढ्दै गएको छ । यो अवस्था केवल आर्थिक शोषण मात्र होइन, शिक्षा पाउने अधिकारमाथिको हस्तक्षेप पनि हो ।

सरकारको पुनः चेतावनीले केही आशा जगाए पनि, व्यवहारमा कडा कदम नचालिएसम्म यस्ता निर्देशन कागजी औपचारिकतामा सीमित रहने जोखिम छ । अब आवश्यकता भनेको दृष्टान्तसहितको कारबाही पनि हो । किनकी केही विद्यालयमाथि स्पष्ट र पारदर्शी रूपमा कारबाही गरिए मात्र अन्य संस्थाहरूमा नियम उल्लंघन सह्य छैन भन्ने सन्देश जानेछ । शिक्षा क्षेत्रलाई बजारको नियममा छोड्ने कि सामाजिक उत्तरदायित्वको दायरामा राख्ने भन्ने प्रश्न आज झन् पेचिलो बन्दै गएको छ । निजी विद्यालयहरूले सेवा दिने नाममा नाफामुखी व्यवहार बढाउँदै जाँदा राज्यको नियामक भूमिका झन् सशक्त हुन जरूरी छ । त्यसैले शिक्षा क्षेत्रमा देखिएको यस्तो विकृति रोक्न सरकार, स्थानीय तह, विद्यालय र अभिभावकबीच प्रभावकारी समन्वय अपरिहार्य छ । किनकी कानुनको शासन केवल कागजमा होइन, व्यवहारमा देखिनु पर्छ । अन्यथा, शिक्षा जस्तो पवित्र क्षेत्र पनि आर्थिक शोषणको अखडा बन्ने खतरा बढ्दै जानेछ ।

# 'शिक्षामा बेलाको बोली' : शिक्षा र समाज सुधारका उपायहरूको संग्रह



डा. हरि लम्साल

"विद्या सरको यस पुस्तकमा वाक्यहरु छोटा तर निकै खँदिला छन् । प्रत्येक शब्दमा चोटिलो प्रहार र स्पष्ट दृष्टिकोण छ । यसमा केवल आकाशका कुरा मात्र छैनन्, बरु हाम्रै 'भुईंका कुरा' र भुईं तहका वास्तविकताहरुलाई मिहिन ढंगले उतारिएको छ ।

प्रा.डा. विद्यानाथ कोइराला सरलाई कहिलेदेखि चिनेँ भन्ने ठ्याक्कै यकिन त छैन, तर करिब ३२ वर्षअघिजस्तो लाग्छ । सुरुमा उहाँलाई अलि टाढाबाट चिने पनि केही समयको अन्तरालमा नजिकबाट जान्ने मौका पाएँ ।

विगत २३ वर्षभन्दा बढी समय त उहाँको स्नेही छहारीमा रहेर बित्यो । आगामी सयौँ वर्षसम्म उहाँको यो अभिभावकत्व र छहारी प्राप्त भइरहोस् भन्ने कामना गर्दछु ।

उहाँलाई नीति निर्माण, पाठ्यक्रम विकास र शैक्षिक संरचना डिजाइन गर्नेहरूले अझ बढी चिन्नुपर्नेजस्तो लाग्छ । यद्यपि, अहिले उहाँलाई संघीय तहले मात्र नभएर प्रदेश र पालिका अनि विद्यालयहरूले समेत नजिकबाट चिनेका छन्, जुन निकै सकारात्मक पक्ष हो ।

उहाँको ज्ञान र अनुभवबाट शिक्षा क्षेत्रले अझ धेरै लाभ लिन सकोस् । उहाँसँग प्रत्यक्ष संवाद गर्नेहरूको स~्या पक्कै पनि लाखभन्दा बढी हुनुपर्छ भन्ने लाग्छ मलाई । म आफैँ हुँदा पनि नसकेको कुरा अहिले भनेर के लाग्ला र ! तर पनि भन्न छोड्न हुँदैन भन्ने उहाँले नै सिकाउनुभएको हो ।

अहिले मेरो अगाडि एउटा सुखद धर्मसंकट छ- विद्या सरका बारेमा बोलूँ कि उहाँको नयाँ पुस्तकका बारेमा बोलूँ ? उहाँ आफैँमा एउटा जीवन्त संस्था भइसक्नुभएको छ र त्यसमाथि यो पुस्तकको आगमनले अर्को एउटा ईँटा थपिदिएको छ ।

पुस्तकका हरेक वाक्य यति गहन छन् कि ती आफैँमा एउटा 'थेसिस सेन्टेन्स' (त्जभकक्ष क्भलतभलअभ) जस्ता लाग्छन् । त्यसैले, व्यक्ति र कृतिलाई छुट्याएर हेर्न मलाई निकै कठिन भइरहेको छ । तर पनि आज धेरै मात्रामा पुस्तकका बारेमा बोल्छु ।

सर्वप्रथमतः प्रा.डा. विद्यानाथ कोइरालाको नवीनतम योगदान 'शिक्षामा बेलाको बोली'बारेमा केही बोल्न पाउनुलाई मैले अहोभाग्यको रूपमा लिएको छु । गुरुको कृतिका बारेमा बोल्ने अवसर सबैलाई मिल्छजस्तो लाग्दैन । एक वाक्यमा भन्नुपर्दा यस पुस्तकले पाठकलाई शिक्षा केवल पढाइ मात्र नभई जीवनको सम्पूर्ण आयामसँग जोडिएको प्रक्रिया हो भन्ने गहिरो सन्देश दिन्छ ।

'शिक्षामा बेलाको बोली' पुस्तकभित्र के छ भनेर खोज्नुभन्दा पनि केही छुटेको छ कि भनेर खोज्नुचाहिँ सजिलो होलाजस्तो देखिन्छ । किनकि, यसमा दर्शनदेखि राजनीतिसम्म, बालविकासदेखि अनौपचारिक र उच्च शिक्षासम्म, अनि धर्म-संस्कृतिदेखि समाजका विविध आयामहरू सबै अटाएका छन् । यो पुस्तक शिक्षाको मात्र नभई समग्र समाज र सभ्यताको एउटा पूर्ण दस्तावेजजस्तो लाग्छ ।

त्यति मात्र होइन, यसमा धर्म-संस्कृति, निजी विद्यालयका समसामयिक मुद्दा, रैथाने ज्ञान र सीपको महत्त्वदेखि लिएर शिक्षाका गुणस्तरका विषयहरूसमेत निकै मिहिन ढंगले प्रस्तुत गरिएका छन् ।

विद्या सरको यस पुस्तकमा वाक्यहरू छोटा तर निकै खँदिला छन्; प्रत्येक शब्दमा चोटिलो प्रहार र स्पष्ट दृष्टिकोण छ । यसमा केवल आकाशका कुरा मात्र छैनन्, बरु हाम्रै 'भुईंका कुरा' र भुईं तहका वास्तविकताहरूलाई मिहिन ढंगले उतारिएको छ ।

यो पुस्तक समस्याहरूको फेहरिस्त र टिप्पणीमा मात्र सीमित छैन, बरु यसले ती समस्या सुल्झाउने ठोस विकल्प र उपायहरू पनि सुझाएको छ । त्यसैले यो कृति केवल शिक्षाका क्षेत्रमा एक टिप्पणी मात्र नभई शिक्षा र समाज सुधारका 'उपायहरूको एउटा संग्रह' पनि हो ।

विद्या सरको यस पुस्तकमा वाक्यहरू छोटा तर निकै खँदिला छन्; प्रत्येक शब्दमा चोटिलो प्रहार र स्पष्ट दृष्टिकोण छ । यसमा केवल आकाशका कुरा मात्र छैनन्, बरु हाम्रै 'भुईंका कुरा' र भुईं तहका वास्तविकताहरूलाई मिहिन ढंगले उतारिएको छ ।

कुल २३ वटा मुख्य लेख र २ वटा अनुसूचीअन्तर्गत ५९ वटा शीर्षकमा अन्य लेखहरूसहित बाँधिएको यो पुस्तक आफैँमा एउटा संग्रहयोग्य दस्तावेज हो । लेखकले पृष्ठभूमिको अनावश्यक अलमलमा नफसी सोझै विषयवस्तुमा प्रवेश गर्ने जुन शैली अपनाउनुभएको छ, त्यसले पुस्तकलाई झनै नयाँपन दिएको महसुस भयो ।

यद्यपि, यति धेरै लेखहरूलाई मुख्य भागमा नराखी किन अनुसूचीमा समेटियो भन्ने जिज्ञासा भने मेरो मनमा अझै बाँकी छ; सायद यसबारेमा अहिले सर आफैँले केही स्पष्ट पार्नुहुने नै छ । समग्रमा, यो कृति शिक्षा क्षेत्रका लागि एक पूर्ण र मननयोग्य स्रोत सामग्री बनेको छ ।

यस पुस्तकमा धर्म, धार्मिक सिद्धान्त, धार्मिक सभ्यता, वेद, बुद्ध, राजनीति, भाषा, गुणस्तर, सिकाइ, दिगो सिकाइ, विदेशिएका युवा, बाल सामग्री, दलितका सीप र अधिकार, भाषा, वृद्ध, अनुसन्धान, भनाइ र गराइमा एकरूपता, पढाइ बदल्ने तरिका आदिजस्ता विषयहरू सूक्ष्म रूपमा केलाइएका छन् । प्रविधिको युगमा प्रविधिको प्रयोग त झनै छुट्ने कुरै भएन । यस्ता कामका लागि चाहिने स्रोत र सोको खोजी गर्ने विषयलाई मानवीय स्रोतसँग जोडेर बडो मजाले चिरफार गरिएको छ ।

साँच्चै भन्ने हो भने प्रस्तुति रोचक छ । उदाहरणका लागि; 'शिक्षामा अल्झिएका एक बीस प्रश्नका उत्तरहरू' भन्ने शीर्षकमा प्रश्न र उत्तर दुवै आफैँले तयार गर्नुभएको छ । रोचक संवाद छ । शिक्षा प्रणालीले एकपटक हेरे मात्र पनि गहन विश्लेषणका लागि आधार तयार बन्न सक्छ ।

समग्रमा भन्नुपर्दा प्रा. कोइरालाको यस 'शिक्षामा बेलाको बोली' कृति बहुआयामिक दृष्टिकोणबाट तयार भएको छ । यसमा समाज, मानव जीवन, शिक्षा, अध्यात्म र मनका विविध आयामहरू समेटिएका छन् । यसमा समावेश गरिएका विचार सामान्य जनदेखि शैक्षिक संस्था एवं प्राज्ञिक तहसम्मका लागि उपयोगी देखिन्छ ।

किन यस पुस्तकमा प्रश्न मात्र बढी छन् ? किनकि विद्यासर र प्रश्न अलग गर्नै नसकिने पक्ष हुन् । यस पुस्तकमा प्रश्न मात्र छैनन् । प्रश्नसहित समाधानका उपायहरू पनि छन् । कतै प्रश्न, कतै व्याख्या, कतै समस्या र कतै समाधान छन्, खोज्ने जिम्मा पाठकहरूमा छ । पाठकले आफ्नै स्वभाव र विशेषताबमोजिम 'स्वाद' र 'ज्ञान' पाउन सक्छन् ।

यस पुस्तकले शिक्षा क्षेत्रका चुनौती पहिचान गरेको छ । शिक्षामा देखिएका समस्यालाई गहिरोसँग चिरफार गरेको छ । यसले पाठकलाई सोच्न, विश्लेषण गर्न र समाधान खोज्न घचघच्याउने नै छ । पुस्तक विद्यार्थीदेखि शिक्षक, नीति निर्मातासम्मलाई उपयोगी छ ।

शिक्षा विषयलाई केन्द्रमा राखेर तयार पारिएको यस पुस्तकले जनस्तरदेखि प्राज्ञिक तहसम्मका सोचहरूलाई समेट्दै तिनको अन्तरसम्बन्धलाई उजागर गरेको छ । यस कृतिमा शारीरिक, मानसिक तथा चेतनात्मक (ऊर्जीय) सम्बन्धका आयामहरूलाई विभिन्न दर्शन र सिद्धान्तसँग जोडेर विश्लेषण गरिएको छ ।

शिक्षामा देखिएका चुनौतीहरू पहिचान गर्दै तिनैभित्र समाधान खोज्नुपर्ने सन्देश पनि पुस्तकले दिएको छ । यस क्रममा विद्या सरले आफ्ना विचार, दृष्टिकोण र प्रस्तुतिप्रति पाठकबाट सुझाव र प्रतिक्रियाको अपेक्षासमेत व्यक्त गर्नुभएको छ ।

अन्त्यमा,

शिक्षा र सामाजिक चेतना जोडिन्छ नै । शिक्षाले शरीर, मन र चेतनालाई प्रभावित गर्छ नै । शिक्षा दर्शनबाट प्रभावित हुनुका साथै दर्शनलाई पनि शिक्षाले निरन्तर रूपमा सेपिङ रिसेपिङ गरिरहेको हुन्छ । यस पुस्तकमा प्रशस्त मात्रामा दर्शन र सिद्धान्तका विषय छन् । तिनको व्यावहारिक कार्यान्वयन छ । शिक्षा र दर्शनको अन्तरसम्बन्ध देखाइएको छ । चाहना र आकांक्षा हुनेहरूले कार्यान्वयन गर्न सक्ने खालका उपायहरू पनि यस पुस्तकमा सुझाइएको छ ।

शिखा बुक्स प्रकाशक रहेको यस पुस्तकको प्रकाशन मिति २०८२ चैत अन्त्यमा गरिएको थियो । यसको मूल्य रू. ९९५ कायम गरिएको छ किताब अलि मोटो भयो । त्यसैले मूल्य बढाइयो होला भन्ने अनुमान गर्छु । यसले सबैले सहज रूपमा पाउन सक्दैनन् कि भन्ने लाग्छ । प्रकाशक र लेखक दुवैलाई शुभकामना ।

# बल्खु खोलामा 'गरिब' इन्द्रबहादुरको 'गल्ती'



हिमाल कोइराला

गत ९ वैशाखमा राजीनामा दिनुअघि गृहमन्त्री सुधन गुरुङले सामाजिक सञ्जालमा लेखेका थिए, 'तिमी जन्मिँदै गरिब जन्मनु त्यो तिम्रो गल्ती होइन, तिमी मर्दा गरिब मर्नु त्यो तिम्रो गल्ती हो । चेतना भया !'

आफ्नो सम्पत्ति विवरणमा ठूलो परिमाणमा जग्गा र सुनचाँदी देखिएपछि आलोचकहरूलाई जवाफ दिन उनले लेखेको इन्स्टाग्राम स्टोरी धेरै समय टिक्न सकेन, उल्टै दबाब थेग्न गाह्रो परेपछि केही समयमा नै डिलिट गरिदिए ।

त्यसमाथि विवादित व्यवसायीसँग लाखौं रुपैयाँ बराबरको सेयर कारोबारको अनैतिक कनेक्सन रहेको सार्वजनिक भएपछि सुधन गृहमन्त्रीमा पनि धेरै दिन टिकेनन् । चर्को दबाब परेपछि बरू सरकारबाट उनी आफैं 'डिलिट' भए ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसमा बल्खु फलफूल तथा तरकारी बजारमा श्रम गर्दै आएका ६१ वर्षीय इन्द्रबहादुर राईले सुधनले भनेजस्तै 'गल्ती' गरेका छन् । पूर्वगृहमन्त्रीकै शब्दमा उनी गरिब भएरै बल्खु खोलामा हामफालेर प्राण त्यागेका छन् ।

पुर्ख्यौली थलो खोटाङ भएका इन्द्रबहादुर बल्खुस्थित सुकुम्बासी बस्तीमा बस्दै आएका थिए । सहरलाई सुकिलो बनाउन, सुन्दर देखाउन वालेन्द्र शाह नेतृत्वको सरकारले आफू बस्दै आएको बस्तीको घरमा बडेमानको डोजर बज्रिएपछि उनी गरिब भएरै जीवन टुंग्याउने गल्ती गर्न बाध्य भएका हुन् ।

पत्नी सरिताका अनुसार शुक्रबार बिहान घरमा डोजरले हान्न थालेपछि इन्द्रबहादुर विरक्तिँदै हिँडेका थिए । बिहानै घर लडेको दृश्य हेर्न नसक्ने भन्दै रन्थनिएर हिँडेका इन्द्रबहादुरको निष्प्राण शरीर बल्खु खोला किनारमा भेटियो ।

यसअघि थापाथलीको सुकुम्बासी बस्तीमा डोजर चलाउने सूचना सार्वजनिक भएपछि रविन तामाङले पनि झुण्डिएर प्राण त्याग गरेका थिए ।

गणतान्त्रिक नेपालमा डा. बाबुराम भट्टराईपछि गरिबको छानो भत्काउन डोजर चलाउने प्रचलनको थालनी गने ' श्रेय काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर वालेन्द्र शाहलाई जान्छ । उनले काठमाडौंको मेयर हुँदै थापाथलीको सुकुम्वासी बस्तीमा डोजर र नगरप्रहरी पठाएका थिए । तर त्यसबेला प्रतिकारमा उत्रिएका सुकुम्वासीले आफ्नो बस्ती जोगाए ।

उनै वालेन्द्रले प्रधानमन्त्रीको शपथ लिएपछि, अझै भन्नुपर्दा सुधनले छाडेको गृहमन्त्रालय पनि आफैँले सम्हालेपछि थापाथलीको त्यही बस्ती जोगिन सकेन । हेर्दाहेर्दै उक्त बस्तीलाई डोजरले खण्डहर बनाइदियो ।

बाक्लो सुरक्षा तैनाथीमाझदुई सातादेखि दैनिकजसो काठमाडौं उपत्यकासहित देशभर सुकुम्बासीको घर उजाडिने क्रम चलिरहेको छ । यतिसम्म की, जेन-जी आन्दोलनमा सिंहदरबार जल्दा मूकदर्शक बनेको नेपाली सेनासमेत सुकुम्बासी बस्ती उजाड्ने अभियानमा सरकालाई साथ दिन दलबलसहितउत्रिएको छ । सेना आफैं सुकुम्वासीका तथ्यांक बटुल्दै हिँडिरहेको छ ।

सयौं हतियारधारीमाझ सुकुम्वासी निरीह हुँदै बस्ती छाड्न बाध्य छन्, जेबी टुहुरेको गीतमा जस्तै, 'लाखौँका लागि उजाड छ यो देश, मुठ्ठीभरलाई त स्वर्ग छ ।'

सरकारले यसरी घर उजाडिएर वर्तमान र भविष्य दुवै गुमाएका सुकुम्वाासीलाई अस्थायी शिविरमा बिजोग अवस्थामा राखेको छ । वास्तविकता नबाहिरियोस् भनेर प्रेस स्वतन्त्रताको धज्जी उडाउँदै शिविरभित्र पत्रकारलाई प्रवेश निषेध गरिएको छ । पत्रकारले खिचेका तस्बिर र भिडियोसमेत क्यामेरा, मोबाइल खोसेर डिलिट गरिँदैछ ।

ब्राम्हण र भिक्षुको आशीर्वाद लिएर रामनवमीको साइतमा प्रधानमन्त्रीको शपथ लिएका बालेनले देशमा रामराज्य नै ल्याउलान् भन्ने आम नेपाली जनताको विश्वास थियो । अझ 'गरिबको चमेली बोल्दिने कोही छैन...' भन्ने ऱ्याप गाएका उनले गरिबलाई यतिसम्मको पीडा देलान् भन्ने अपेक्षा कसैले गरेको थिएन ।

फागुन २१ को चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सुकुम्वाासी बस्तीमा सरकारले डोजर चलाए आफैं छाती थाप्न जाने बताएका थिए । दोहोरो नाकरिकता, बहुविवाह, सहकारी ठगीजस्ता अनेक प्रकरणमा मुछिएका वाकपटुतामा निपूण पात्रले चुनावअघि भोट बटुल्न बालेको कुरा मतदाताले नपत्याउने कुरा पनि भएन !

नदी किनारामा सार्वजनिक र सरकारी जग्गा ओगटेर बसेका सुकुम्वासीलाई सधैं त्यहीं बसिरहन दिनुपर्छ भन्न खोजिएको होइन । सुकुम्वासी बस्ती खाली गरी सार्वजनिक जग्गाको अतिक्रमण हटाउनु सरकारको जिम्मेवारी हो । तर, गरिब नै भएपनि त्यहाँ बस्ने मान्छे पनि यो देशका नागरिक हुन् ।

अवश्य पनि, इन्द्रबहादुरले सुकुम्वासी बस्तीमा डोजर चलाएको पीडा सहन नसकेरै प्राण त्यागेका हुन् वा वास्तविकता अरु नै हो ? यसको अनुसन्धान होला नै ।

जसरी जेन-जी आन्दोलनमा७६ जना नागरिककोमृत्यु हुँदा त्यसको सम्पूर्ण जिम्मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकमाथि थोपरिएको थियो, त्यसैआधारमा इन्द्रबहादुरको आत्महत्या दुरुत्साहनमा पनि सरकार, अझभन्दा प्रधानमन्त्री र गृहमन्त्री दुवै पदमा आशिन वालेन्द्र शाह जिम्मेवार छन् भन्दा अन्यथा हुन्छ कि हुँदैन ? यो आजको टड्कारो प्रश्न हो ।

नेपालमा गरिबले आत्महत्या गरेको यो पहिलो घटना होइन । यसअघि प्रेम आचार्यजस्ता धेरै नेपालीले सार्वजनिक रुपमै आत्मदाह गरेका छन् । गुपचुप आत्महत्या गर्नेहरूअझै धेरै होलान् । हिजो पनि गरिबले आत्मदाह गर्दा सरकारको आलोचना भएको थियो, आज पनि गरिबको ज्यान जाँदा सरकारको आलोचना हुनु स्वभाविक छ ।

गरिबलाई प्राण त्याग्न बाध्य नपारी सुकुम्वासीजस्ता समस्याको समाधान हुनै नसक्ने हो त ? उनीहरूको उचित व्यवस्थापन नगरी पूर्वतयारीबिना, सत्तारुढ दलका नेता र मन्त्रिपरिषदका सदस्यसमेतलाई गुमराहमा राखेर एक दिने सूचनाका आधारमा बन्दुक तेर्स्याएर सुकुम्बासी बस्तीमा डोजर चलाउँदा यस्तो परिणाम आउला भन्ने समीक्षा किन भएन ? सरकारले यी प्रश्नको पनि जवाफ दिनु आवश्यक छ ।

# अतिक्रमित जग्गा खाली गराउन निर्देशन



❒ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, १९ वैशाख

सरकारले देशभर सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटाउने अभियान तीव्र पारेसँगै बाँकेको नरैनापुर गाउँपालिकाले पनि कडा कदम अघि बढाएको छ।

गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहद्वारा जारी सूचनामार्फत अतिक्रमण गरी बसोबास वा संरचना निर्माण गरेका व्यक्तिहरूलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न निर्देशन दिइएको छ।

तोकिएको समयभित्र अतिक्रमण नहटाएमा गाउँपालिकाले डोजर प्रयोग गरी हटाउने चेतावनी समेत दिइएको छ। गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलसँग समन्वय गर्दै अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने प्रक्रिया सुरु गरेको जनाएको छ।

अध्यक्ष शाहका अनुसार सरकारी परिपत्र कार्यान्वयन गर्दै "सरकारको एक सय कार्यसूची" अन्तर्गत अतिक्रमण नियन्त्रण, संरक्षण र नयाँ अतिक्रमण रोक्ने अभियान अघि बढाइएको हो।

स्थानीयवासीका अनुसार करिब दुई दशकअघि पनि अतिक्रमण हटाउने प्रयास भएको थियो, तर पछि विभिन्न प्रभावका कारण पुनः अतिक्रमण बढ्दै गएको बताइएको छ। नेकपा एमाले नरैनापुरका सचिव विनय दीक्षितले सार्वजनिक सम्पत्ति संरक्षणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउँदै अतिक्रमित क्षेत्रको यथार्थ विवरणका आधारमा प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राखे।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज वलीले यो अभियानले दीर्घकालीन रूपमा सुव्यवस्थित बसोबास र पूर्वाधार विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

# घरेलु तथा यौनजन्य हिंसा बढ्दो

❒ काँक्रेविहार संवाददाता
जुम्ला, १९ वैशाख

राष्ट्रिय मानव अधिकार आयोग, जुम्लाले जिल्लामा घरेलु तथा यौनजन्य हिंसा डरलाग्दो रूपमा बढ्दै गएको जनाएको छ।

आयोगले जिल्ला प्रहरी कार्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत सरोकारवाला निकायका तथ्यांक विश्लेषण गर्दा हिंसाका घटना उल्लेख्य रूपमा वृद्धि भएको जानकारी दिएको हो।

बुधबार पातारासी गाउँपालिकामा आयोजित बहस तथा अन्तरक्रिया कार्यक्रममा प्रस्तुत प्रतिवेदन अनुसार जिल्लामा ७० वटा घरेलु हिंसा र २९ वटा लैंगिक हिंसाका घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका छन्।

आयोगका प्रमुख कल्पना आचार्य नेपालद्वारा प्रस्तुत प्रतिवेदनमा यौनजन्य हिंसाको अवस्था अझै गम्भीर रहेको उल्लेख गरिएको छ।

महिलालाई होटलमा काम दिने प्रलोभनमा ल्याएर यौन शोषण तथा कुटपिट गर्ने घटनासमेत भेटिएको प्रतिवेदनमा उल्लेख छ, जसले मानव अधिकारको गम्भीर उल्लंघन भइरहेको देखाउँछ।



प्रतिवेदनअनुसार कर्णाली प्रदेशमा महिलाको श्रम सहभागिता ६८ प्रतिशत भए पनि अधिकांश महिला अनौपचारिक तथा न्यून पारिश्रमिक हुने क्षेत्रमा कार्यरत छन्।

साथै महिलाको नाममा जग्गा दर्ता अझै न्यून रहेको तथ्य पनि सार्वजनिक गरिएको छ। कार्यक्रममा मानव अधिकारका सिद्धान्त, कार्यक्षेत्र, अनुसन्धान प्रक्रिया तथा जिल्लाको वर्तमान अवस्थाबारे प्रस्तुति गरिएको थियो।

साथै महिला अधिकारसम्बन्धी विषयमा पनि विस्तृत छलफल गरिएको थियो। पातारासी चार निवासी लाउरीमाया थामीले यस्ता कार्यक्रमबाट मानव अधिकारसम्बन्धी ज्ञान बढेको बताइन्।

जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले कर्णाली क्षेत्रमा मानव अधिकारका सवाल अत्यन्त महत्वपूर्ण रहेकाले आयोगको भूमिका आवश्यक रहेको बताए।

जुम्लामा आयोगको कार्यालय पुनः सञ्चालनमा आएसँगै अधिकार प्रत्याभूतिमा आशा बढेको उनको भनाइ थियो।

पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले छाउपडी प्रथा पहिलेको तुलनामा घटे पनि अझै अन्त्य हुन नसकेको उल्लेख गर्दै यस्ता कुरीति अन्त्यका लागि स्थानीय तहले प्राथमिकता दिनुपर्नेमा जोड दिइन्।

निमित्त प्रमुख जिल्ला अधिकारी मिनबहादुर रावलले नागरिकता तथा जन्मदर्ता सम्बन्धी समस्या समाधानका लागि सम्बन्धित निकायमा सम्पर्क गर्न आग्रह गरे।

महिला तथा बालबालिका शाखा प्रमुख भगवती गिरीले छाउपडी, बालविवाह र बहुविवाह विरुद्धका सचेतनामूलक कार्यक्रम मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेको बताइन्।

स्वास्थ्य शाखा प्रमुख रतन बुढ्थापाले गाउँपालिकाको स्वास्थ्य अवस्थाबारे तथ्यांक प्रस्तुत गरेका थिए। अन्तरक्रियामा दिमा आमाघरकी अध्यक्ष तथा पत्रकार दिलमाया शाहीले जघन्य अपराध लुकाउन नहुने र पीडितको पक्षमा सबै एकजुट भएर काम गर्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा स्थानीय महिला सञ्जाल, वडाध्यक्षलगायत सरोकारवाला निकायका प्रतिनिधिहरूले पनि आफ्ना सुझाव प्रस्तुत गरेका थिए।

मानव अधिकार आयोग जुम्लाले जिल्लाभर यस्ता अन्तरक्रिया कार्यक्रममार्फत स्थानीय सरकार र सरोकारवालासँग समन्वय गर्दै आएको जनाएको छ।

# बर्खा सुरू हुनुअघि नै ग्रामीण सडकमा क्षति



❒ काँक्रेविहार संवाददाता
बाजुरा, १९ वैशाख

जिल्लाका अधिकांश ग्रामीण सडक बर्खा सुरु हुनुअघि नै भत्किन थालेका छन्। स्थानीय तहले निर्माण गरेका कच्ची सडकहरू प्री-मनसुनको वर्षापछि क्षतिग्रस्त हुन थालेका हुन्।

हिमाली, स्वामीकार्तिक खापर, जगनाथ, बुढीनन्दा, गौमूल, बडीमालिका, बुढीगङ्गा, त्रिवेणी र खप्तड छेडेदह लगायतका पालिकाका गाउँबस्ती सडक सञ्जालमा जोडिएका छन्।

तर कालोपत्रे नहुँदा सामान्य वर्षाले पनि सडक अवरुद्ध हुने समस्या देखिएको छ। २०७५ सालदेखि ग्रामीण बस्तीहरूमा सडक विस्तार गरिए पनि अधिकांश सडक अझै कच्ची अवस्थामै छन्।

यसले हिउँदमा केही सहजता दिए पनि बर्खायाममा भने स्थानीयलाई आवतजावतमा सास्ती हुने गरेको छ। खप्तड छेडेदह गाउँपालिकाका स्थानीय पदम रोकायाले हिउँदमा सडकले सहजता दिए पनि बर्खामा निकै समस्या हुने बताए।

स्थानीय तहले सडक पुर्‍याएजस्तै कालोपत्रे गर्न नसकेको उनको गुनासो छ। त्यस्तै, खप्तड छेडेदह गाउँपालिका एक र काँडा र दुई जयवागेश्वरी क्षेत्र तरकारी तथा फलफूल उत्पादनका लागि परिचित भए पनि बर्खामा सडक अवरुद्ध हुँदा ढुवानीमा समस्या हुने गरेको छ।

गाउँपालिकाका उपाध्यक्ष बिसु नाथले अधिकांश बस्ती सडक सञ्जालमा जोडिएको बताउँदै आगामी वर्षदेखि सडकलाई कालोपत्रे गर्ने योजना प्राथमिकतामा राखिने जानकारी दिए।

# फरार एक हजार चार सय ६० कैदी पक्राउ



❒ काँक्रेविहार संवाददाता
धनगढी, १९ वैशाख

सुदूरपश्चिम प्रदेश प्रहरीले पछिल्लो नौ महिनामा विभिन्न मुद्दामा फरार रहेका एक हजार चार सय ६० जना कैदीबन्दीलाई पक्राउ गरेको छ।

अदालत र जिल्ला प्रशासन कार्यालयबाट कैद सजाय तथा जरिवाना तोकिएपछि लामो समयदेखि फरार रहेका प्रतिवादीलाई खोजी गरी कारबाही अघि बढाइएको प्रहरीले जनाएको छ। प्रदेश प्रहरी कार्यालय धनगढीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पदमबहादुर विष्टका अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म उनीहरूलाई पक्राउ गरी कारागार चलान गरिएको हो।

प्रहरी तथ्यांक अनुसार सबैभन्दा धेरै कैलालीबाट सात सय ३२ जना र कञ्चनपुरबाट चार सय १० जना पक्राउ परेका छन्।

त्यसैगरी डडेल्धुराबाट एक सय एक डोटीबाट १२, अछामबाट ४३, दार्चुलाबाट ७३, बैतडीबाट ९, बझाङबाट ५८ र बाजुराबाट २२ जना फरार कैदीबन्दी पक्राउ गरिएको छ।

प्रवक्ता विष्टले फरार प्रतिवादी पक्राउ गर्न प्रदेशका सबै नौ जिल्लामा प्रहरी टोली परिचालन गरिएको जानकारी दिए।

विशेषगरी जेन्जी आन्दोलनका क्रममा कारागारबाट भागेका कैदीबन्दीलाई नियन्त्रणमा लिन प्रहरीले सक्रियता बढाएको उनले बताए।

गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा सुदूरपश्चिमका विभिन्न कारागारबाट एक हजार चार सय ५८ कैदीबन्दी फरार भएका थिए।

तीमध्ये हालसम्म एक हजार एक सय २० जना पक्राउ परिसकेका छन् भने तिन सय ३८ जना अझै फरार छन्। फरारमध्ये अधिकांश भारततर्फ लुकेर बसेको आशंका गरिएको छ। यसैबीच कञ्चनपुरमा फरार कैदीबन्दी पक्राउ गर्न विशेष अभियान सञ्चालन गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार पछिल्लो एक सातामै ७६ जना फरार प्रतिवादी पक्राउ परेका छन्, जसमा अधिकांश लागुऔषधसम्बन्धी मुद्दाका अभियुक्त रहेका छन्।

# सार्वजनिक जग्गा अतिक्रमण हटाउने तयारी

❒ काँक्रेविहार संवाददाता
धनगढी, १९ वैशाख

वर्षौंदेखि सरकारी तथा सार्वजनिक जग्गामा हुँदै आएको अतिक्रमण नियन्त्रण गर्न प्रशासनले तयारी थालेको छ।

गृह मन्त्रालयको निर्देशनपछि जिल्ला प्रशासन कार्यालयले स्थानीय तहहरूसँग समन्वय गर्दै अतिक्रमण पहिचान र हटाउने प्रक्रिया अघि बढाएको हो।

जिल्ला प्रशासन कार्यालयले सबै स्थानीय तहलाई पत्राचार गर्दै आफ्नो क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक, वन, ऐलानी, पर्ती र खुला जग्गाको विस्तृत विवरण सङ्कलन गरी कार्ययोजना पेश गर्न आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी डा. डिजन भट्टराईका अनुसार स्थानीय तहकै सहकार्यमा चरणबद्ध रूपमा अतिक्रमित जग्गा व्यवस्थापन र हटाउने अभियान सञ्चालन गरिनेछ।

उनले सरकारी सम्पत्तिको संरक्षण राज्यको दायित्व भएकाले यथार्थ अवस्था पहिचान गरी योजना अनुसार काम अघि बढाइने बताए।

डिभिजन वन कार्यालयको तथ्यांकअनुसार बैतडीमा मात्रै ११०.४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। वन क्षेत्र बाहेक अन्य सार्वजनिक जग्गा पनि विभिन्न स्थानमा अतिक्रमण भएको आशंका गरिएको छ

विशेषगरी सडक छेउ, बजार क्षेत्र, नदी किनार, खुला क्षेत्र तथा वन आसपासमा अनधिकृत संरचना निर्माण र निजी स्वामित्व दाबी गर्ने प्रवृत्ति बढ्दै गएको स्थानीयवासीले बताएका छन्।

# डोल्पामा विपद् पूर्वतयारी तीव्र

❒ काँक्रेविहार संवाददाता
डोल्पा, १९ वैशाख

बर्खायाम नजिकिँदै जाँदा सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि डोल्पामा पूर्वतयारीलाई तीव्र बनाउने निर्णय गरिएको छ। प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष जुनु हमाल ढकालको अध्यक्षतामा सम्पन्न बैठकले आगामी दिनमा प्रभावकारी जोखिम व्यवस्थापनमा जोड दिने बताइएको छ।

बैठकले चालु आर्थिक वर्षको असोज महिनादेखि हालसम्म भएका विभिन्न विपद्का घटनाबाट प्रभावित नागरिकलाई वितरण गरिएको राहत रकम अनुमोदन गरेको छ।

आगलागीबाट घरमा क्षति व्यहोरेका जनचन्द्र बुढा र विष्णु रोकायालाई जनही २० हजार रुपैयाँ राहत उपलब्ध गराइएको जानकारी दिइएको छ। आगामी बर्खामा हुन सक्ने बाढी र पहिरोको जोखिमलाई ध्यानमा राख्दै संयुक्त अभ्यास सञ्चालन गर्ने, तथा विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सञ्चार प्रणालीलाई अझ सुदृढ बनाउने निर्णय गरिएको छ।




साथै, डाँगीवाडा एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार प्रक्रिया अघि बढाउन पूर्वाधार विकास कार्यालय डोल्पालाई निर्देशन दिइएको छ। बैठकमा स्थानीय विपद् व्यवस्थापन समितिहरू सक्रिय नभएसम्म प्रभावकारी व्यवस्थापन सम्भव नहुनेमा जोड दिइएको छ। विकास योजना निर्माण तथा कार्यान्वयनमा तीन तहका सरकारबीच समन्वय अभाव हुँदा नागरिकले समस्या भोग्नुपरेको विषयमा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।नेपाली कम्युनिस्ट पार्टी डोल्पाका नेता बबिकिश्वर गुरुङले विपद् पूर्वतयारीमा स्थानीय तहका जनप्रतिनिधिलाई जिम्मेवार बनाउन जिल्ला तहबाट प्रभावकारी समन्वय आवश्यक रहेको बताए।

विशेषगरी बर्खायाममा भेरी करिडोर क्षेत्रका सडकहरूमा बाढी र पहिरोले बढी असर पार्ने भएकाले सम्बन्धित निकायले समयमै पूर्वतयारीसहित सक्रिय भूमिका खेल्नुपर्नेमा उनले जोड दिए।

बैठकले विगतका विपद्का घटनाबाट सिकाइ लिँदै यस वर्ष थप सतर्क र तयारी अवस्थामा रहन सबै सरोकारवालालाई आह्वान गरेको छ।

# नेपाल-चीन सीमास्तम्भको अनुगमन

❒ काँक्रेविहार संवाददाता
हुम्लन, १९ वैशाख

नेपाल-चीन सिमाना क्षेत्र हिल्सामा स्थापना गरिएका सीमास्तम्भहरूको अनुगमन गरिएको छ। जिल्ला सुरक्षा समितिका संयोजकसहितको टोलीले उत्तरी नाका हिल्सा पुगेर संयुक्त रूपमा सीमास्तम्भहरूको स्थलगत निरीक्षण गरेको हो।

जिल्ला सुरक्षा समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीका अनुसार हिल्सा क्षेत्रमा रहेका सीमास्तम्भहरू व्यवस्थित र सुरक्षित अवस्थामा रहेका छन्।

उनले सीमास्तम्भको नियमित अनुगमन गर्नु सुरक्षा समितिको जिम्मेवारीभित्र पर्ने बताउँदै यसलाई निरन्तरता दिइने जानकारी दिए।

हिल्सा क्षेत्रमा नेपाल र चीनबीचको सीमा निर्धारणका लागि सातदेखि १० नम्बरसम्मका सीमास्तम्भ स्थापना गरिएका छन्।

तीमध्ये आठ, नौ र १० नम्बरका सीमास्तम्भको टोलीले अनुगमन गरेको हो। यसअघि हिल्सामा तैनाथ सशस्त्र प्रहरी चौकीका सुरक्षाकर्मीले नियमित रूपमा सीमास्तम्भको निरीक्षण गर्दै आएका थिए।

यस पटक भने जिल्लास्तरबाटै उच्चस्तरीय टोलीले अनुगमन गरेको हो। अनुगमनका क्रममा टोलीले नेपालतर्फको हिल्सा बजार क्षेत्रको समेत निरीक्षण गरेको थियो।



हाल नारा लेक क्षेत्रमा जमेको हिउँ हटाएर हिल्सा-सिमकोट सडक सञ्चालनमा आएपछि हिल्सामा मानिसको आवतजावत बढ्दै गएको छ।

साथै नेपाली व्यापारी तथा कामदारहरू चीनको ताक्लाकोटतर्फ जाने क्रम पनि बढेको छ। सीमाक्षेत्रमा चहलपहल बढ्दै गएपछि प्रमुख जिल्ला अधिकारी रेग्मीले सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन हिल्सास्थित दुवै प्रहरी चौकीलाई निर्देशन दिएका छन्।

टोलीले यारी-नारा हुँदै हिल्सासम्मको सडक अवस्थाको समेत अनुगमन गरेको थियो। अनुगमन टोलीमा जिल्ला सुरक्षा समितिका सदस्यहरू, प्रहरी नायब उपरीक्षक शंकर खड्का, सशस्त्र प्रहरी नायब उपरीक्षक पुष्करबहादुर सिंह, राष्ट्रिय अनुसन्धान प्रमुख मेघराज कँडेल तथा हिल्सा-सिमकोट सडक योजनाका इन्जिनियर कुशल बराल सहभागी रहेका थिए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# २७ प्रतिशत घरधुरी अझैं वञ्चित

काँक्रेविहार संवाददाता
सल्यान, १९ वैशाख

जिल्लामा चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्म चार हजारभन्दा बढी घरधुरीमा राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् सेवा विस्तार गरिएको छ।

विद्युतीकरणको काम तीव्र गतिमा अघि बढे पनि अझै करिब २७ प्रतिशत घरधुरी विद्युत् सेवाबाट वञ्चित रहेका छन्।

नेपाल विद्युत् प्राधिकरण, सल्यान वितरण केन्द्रका प्रमुख नरेशदत्त रावलका अनुसार गत साउन महिनादेखि हालसम्म चार हजारभन्दा बढी घरमा विद्युत् सेवा पुऱ्याइएको हो।

उनका अनुसार जिल्लाका कुल घरधुरीमध्ये हालसम्म ७३ प्रतिशतमा विद्युत् पहुँच पुगेको छ भने तीमध्ये ६४ प्रतिशत उपभोक्ताले मिटर जडान गरिसकेका छन्।

बाँकी क्षेत्रमा विद्युतीकरण विस्तारको काम निरन्तर भइरहेको उनले बताए। विद्युत् विस्तारकै क्रममा दार्मा गाउँपालिकाका तीन वडामा पहिलोपटक राष्ट्रिय प्रसारण लाइन पुगेको छ।

वडा नम्बर २ लिरापाज, वडा नम्बर चार सिँगारीकोट पुखाद र वडा नम्बर छ भुर्तिवाङका करिब दुई सय घरधुरीमा बुधबार देखि नियमित विद्युत् सेवा सञ्चालनमा आएको हो।



वितरण केन्द्रका अनुसार ती क्षेत्रमा तीनवटा ट्रान्सफर्मर जडान गरी आवश्यक वितरण संरचना निर्माण गरेर सेवा विस्तार गरिएको हो।

वर्षौंदेखि सौर्य बत्तीको भरमा जीवनयापन गर्दै आएका स्थानीयवासी राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा प्राप्त गरेपछि उत्साहित भएका छन्।

हाल ती क्षेत्रमा मिटर जडान कार्यसमेत सुरु भइसकेको छ, जसले सेवाको नियमितता थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

जिल्लामा विद्युत् आपूर्तिका लागि तुल्सीपुरबाट आउने ३३ केभी क्षमताको राष्ट्रिय प्रसारण लाइन प्रयोग हुँदै आएको छ।

यस्तै वनगाड कुपिन्डे नगरपालिकाको सल्लीबजार क्षेत्रमा भने सुर्खेत वितरण केन्द्रमार्फत विद्युत् सेवा उपलब्ध हुँदै आएको छ।

हाल जिल्लामा सितलपाटी र थारमारेमा दुईवटा सबस्टेशन सञ्चालनमा छन्, जसले विद्युत् वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याएका छन्।

यसैगरी खलंगा, सितलपाटी, लुहाम, कपुरकोट र थारमारेमा रहेका फ्युज सेवा केन्द्रहरूले मर्मतसम्भार कार्यलाई सहज बनाउँदै आएका छन्।

तथापि, उपभोक्ताले अझै पनि भोल्टेज कम हुनु, प्रणालीमा अवरोध आउनु तथा लाइन विस्तारमा ढिलाइ जस्ता समस्या भोग्नुपरेको गुनासो गर्दै आएका छन्।

सल्यानमा वार्षिक रूपमा करिब पौने नौ करोड रुपैयाँ बराबरको विद्युत् खपत हुने गरेको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा एक करोड आठ लाख ४३ हजार नौ सय ६६ युनिट विद्युत् बिक्री हुँदा आठ करोड ७५ लाख ३५ हजार पाँच सय ३८ रुपैयाँ आम्दानी भएको वितरण केन्द्रले जनाएको छ।

यसले जिल्लामा विद्युत् उपभोग क्रमशः बढ्दै गएको देखाउँछ। विद्युतीकरण विस्तारसँगै स्थानीय स्तरमा आर्थिक गतिविधि, साना उद्योग, शिक्षा र स्वास्थ्य सेवामा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

तर बाँकी रहेका दुर्गम बस्तीमा छिटो सेवा पुऱ्याउन र गुणस्तरीय आपूर्ति सुनिश्चित गर्न सम्बन्धित निकायले थप ध्यान दिनुपर्ने देखिएको छ।

# कृषि तथा सहकारी तालिम निर्देशिका मस्यौदामाथि छलफल

काँक्रेविहार संवाददाता
सुर्खेत, १९ वैशाख

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि र सहकारी क्षेत्रको जनशक्तिलाई व्यावसायिक बनाउने उद्देश्यले 'कृषि, पशुपन्छी तथा सहकारी तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका' को मस्यौदामाथि छलफल सुरु गरेको छ।



शुक्रबार आयोजित कार्यक्रममा कर्मचारी, कृषक, सहकारीकर्मी र व्यवसायीहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्ने लक्ष्यसहित तयार गरिएको मस्यौदामा सरोकारवालाहरूले सुझाव प्रस्तुत गरेका छन्।

कृषि व्यवसाय प्रवर्द्धन ऐन-२०७९ को आधारमा तयार पारिएको यस निर्देशिकाले तालिमलाई औपचारिकतामा सीमित नराखी कार्यसम्पादन मुखी बनाउने लक्ष्य लिएको छ।

कार्यक्रममा कृषि मन्त्री विनोदकुमार शाहले मन्त्रालयबाट सञ्चालन हुने तालिमलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु नै मुख्य उद्देश्य भएको बताए।

उनका अनुसार मस्यौदामाथि व्यापक छलफल गरी आवश्यक सुझावहरू समेटेर चाँडै अन्तिम रूप दिइनेछ।

निर्देशिका कार्यान्वयनमा आएपछि कृषि उत्पादन, बजारीकरण तथा सहकारी व्यवस्थापनमा संलग्न व्यक्तिहरूले आधुनिक र वैज्ञानिक प्रविधिमा आधारित तालिम पाउने अपेक्षा गरिएको छ।

सोही अवसरमा 'कर्णाली प्रदेश बीउ बिजन व्यवस्थापन सम्बन्धी नियमावली' को मस्यौदामाथि पनि छलफल गरिएको छ।

कर्णाली प्रदेश बीउ बिजन ऐन २०८१ अनुसार तयार पारिएको नियमावलीले गुणस्तरीय बीउ उत्पादन, प्रशोधन र परीक्षणलाई अनिवार्य बनाउने प्रस्ताव गरेको छ।

यसले कृषि उत्पादन वृद्धि, खाद्य सुरक्षा सुदृढीकरण र नागरिकको आर्थिक हित संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

मन्त्रालयका सचिव सञ्जीवकुमार कर्णका अनुसार दुवै मस्यौदाहरू हाल प्रारम्भिक चरणमा छन् र सरोकारवालाहरूका सुझाव समेटेर छिट्टै अन्तिम रूप दिइने तयारी भइरहेको छ।

कर्णालीको भौगोलिक अवस्था र कृषकहरूको आवश्यकतालाई ध्यानमा राखेर तयार गरिने यी नीतिहरूले प्रदेशको कृषि क्षेत्रलाई थप व्यावसायिक र सशक्त बनाउने अपेक्षा गरिएको छ।

# न्यून शुल्कमै प्राविधिक शिक्षा

काँक्रेविहार संवाददाता
जाजरकोट, १९ वैशाख

बहुप्राविधिक शिक्षालय, भेरी नगरपालिका पाँच काफलचौरले यस वर्ष न्यूनतम शुल्कमै गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने व्यवस्था गरेपछि विद्यार्थी तथा अभिभावकहरू उत्साहित भएका छन्।

शिक्षालयले तीन वर्षे 'डिप्लोमा इन फार्मेसी' कार्यक्रम ५० हजार रुपैयाँमा सञ्चालन गर्ने जनाएको छ। यस्तै 'डिप्लोमा इन फरेस्ट्री' ३० हजार, 'सिभिल इन्जिनियरिङ' ३६ हजार र 'एनिमल साइन्स' ३५ हजार रुपैयाँमै अध्ययन गर्न सकिने व्यवस्था गरिएको छ।

ग्रामीण क्षेत्रका विद्यार्थीका लागि यी शुल्क निकै सहुलियतपूर्ण मानिएको छ। निजी कलेजहरूले महँगो शुल्क लिने अवस्थामा जाजरकोटमै यति कम लागतमा प्राविधिक शिक्षा अध्ययन गर्न पाउने अवसरले विद्यार्थी र अभिभावक दुवैमा उत्साह थपिएको छ।

यसअघि आर्थिक अभावका कारण धेरै विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (एसइई) पछि अध्ययन रोक्नुपर्ने अवस्था रहेकोमा अब त्यसमा सुधार आउने अपेक्षा गरिएको छ।

साथै प्राविधिक शिक्षा अध्ययनका लागि सुर्खेत, नेपालगञ्ज, काठमाडौंलगायत सहर धाउनुपर्ने बाध्यता पनि घट्ने विश्वास लिइएको छ। भर्ना खुला भएसँगै जाजरकोटसहित रुकुम, सल्यान, दैलेख र डोल्पा जिल्लाका विद्यार्थीहरूमा आकर्षण बढेको छ।

सीमित सिट भएकाले समयमै आवेदन दिन शिक्षालयले आग्रह गरेको छ। हाल पनि बाहिरी जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेको जनाइएको छ। भेरी नगरपालिका एक कोल्चौरका मनोज विकले गाउँमै न्यून शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्न पाउनु आफ्ना छोराछोरीका लागि ठूलो अवसर भएको बताए।

उनले विशेषगरी निम्न आय भएका तथा विपन्न समुदायका लागि शिक्षालयले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे।

शिक्षालयका प्रमुख इश्वरीचन्द्र देवकोटाका अनुसार संस्थालाई थप व्यवस्थित, गुणस्तरीय र विद्यार्थीमैत्री बनाउने प्रयास भइरहेको छ।

उनका अनुसार यो शिक्षालय सीटीईभीटीको आंगिक तथा सरकारी संस्था हो, जसले देशमै न्यून शुल्कमा प्राविधिक शिक्षा उपलब्ध गराउने लक्ष्य लिएको छ।

## निर्देशनालयको...

लेखेको देखिन्छ। त्यसपछि कार्यालयले विद्युत र रुख काट्ने प्रयोजनका लागि १९ माघ २०७९ मा जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखेको देखिन्छ। त्यसपछि वडा नम्बर ७ को कार्यालयले पनि विभिन्न मितिमा अनाधिकृत वस्ती हटाउन पहल गरेको देखिन्छ। ४ बैशाख २०८० मा अनाधिकृत वस्ती हटाउन लागिएको भन्दै वडा कार्यालयले आवश्यक सुरक्षाकर्मी पठाइदिन आग्रह गरेको थियो। वडा कार्यालयले वीरेन्द्रनगर नगरपालिकालाई डोजरसमेत पठाइ दिन अनुरोध गऱ्यो। वडाध्यक्ष ध्रुवकुमार चपाईंका अनुसार उक्त दिन प्रशासनले न सुरक्षाकर्मी पठायो, नत नगरपालिकाले डोजर नै। त्यसयता पनि पटक-पटक स्थानीयसँग छलफल भएपनि निकास निकाल्न नसकिएको उनले बताए। उनले जग्गा हडपेर बसेका पाँच घरलाई अन्यत्र सर्नेगरी विकल्प दिइएको तर उनीहरुले सो ठाउँ छाड्न नमानेको बताए।

## राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८३

# १ दिने एआई तालिम सम्पन्न



काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १९ वैशाख

"सूचना प्रविधिको विस्तारः दिगो विकासको आधार" भन्ने मूल नारासहित राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८३ को अवसरमा क्यान महासंघ सुर्खेत शाखाको आयोजनामा १ दिने एआईसम्बन्धी तालिम सम्पन्न भएको छ।

कार्यक्रमको सभाध्यक्षता क्यान महासंघ सुर्खेत शाखाका अध्यक्ष डिबी रानाले गरेका थिए भने प्रमुख अतिथिको रूपमा सुर्खेत उद्योग वाणिज्य संघका उपमहासचिव पूर्णदेव अधिकारी थिए ।

यस्तै विशेष अतिथिमा क्यान महासंघ कर्णाली प्रदेशका उपाध्यक्ष टेक बहादुर थापा र क्यान महासंघ कर्णाली प्रदेशका पूर्व अध्यक्ष प्रेमप्रकाश चन्द लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि पूर्णदेव अधिकारीले सूचना प्रविधिको विकासले समाजको हरेक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याएको बताउँदै यस्ता तालिमले शिक्षक तथा युवाहरूलाई प्रविधिमैत्री बनाउन महत्वपूर्ण भूमिका खेल्ने धारणा राखे ।

विशेष अतिथि टेक बहादुर थापा र प्रेमप्रकाश चन्दले कृत्रिम बुद्धिमत्ता एआईको वर्तमान आवश्यकता, यसको प्रयोग र भविष्यका सम्भावनाबारे प्रकाश पार्दै यस्ता सीपमूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

तालिमका प्रशिक्षक समेत रहेका सभाध्यक्ष डिबी रानाले एआईको आधारभूत जानकारी, प्रयोगका क्षेत्र, शिक्षामा यसको उपयोग तथा डिजिटल युगमा यसको प्रभावबारे सहजीकरण गरेका थिए ।

कार्यक्रमले शिक्षकहरूले कक्षा शिक्षणलाई प्रभावकारी बनाउन डिजिटल माध्यमको प्रयोगमार्फत नयाँ प्रविधिसँग परिचित गराउनुका साथै सूचना प्रविधिप्रतिको रुचि र ज्ञान अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ।

वीरेन्द्रनगर-६ स्थित अमेरिकन कर्नर हलमा आयोजित उक्त तालिममा विभिन्न सामुदायिक विद्यालयका शिक्षकहरूसहित अन्य ३० जनाको सहभागिता रहेको थियो।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं ।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)